सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
२० औं वार्षिक साधारण सभाको
काम कारवाहीको विवरण
(माइन्यूट)

१. **वैधानिक सभा :**

कम्पनी ऐन, २०६३ र बैंकको नियमावली बमोजिम बैंकको २० औं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री प्रबल जंग पाण्डेज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल भई देहाय बमोजिम निर्णय भयो ।

२. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ र बैंकको नियमावली बमोजिम बैंकको २० औं वार्षिक साधारण सभाको सूचना मिति २०८३/०६/०६ गते बसेको सञ्चालक समितिको ५२२ औं बैठकले निर्णय गरे अनुसार प्रथम पटक मिति २०८३/०६/०७ गते बुधबारको कारोबार राष्ट्रिय दैनिक पत्रिका तथा दोस्रो पटक मिति २०८३/०६/१५ गते बिहीबारको हिमालय टाइम्स नेपाली राष्ट्रिय दैनिक पत्रिकामा सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयको सूचना तथा संक्षिप्त आर्थिक विवरण सहितको विवरण समेत उल्लेख गरी शेयरधनी महानुभावहरुलाई जानकारीको लागि प्रकाशित गरिएको थियो । यसै गरी बैंकको आधिकारीक website www.ctznbank.com मा मिति २०८३/०६/०७ गते सूचना प्रकाशित गरी सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयको सूचना तथा सञ्चालक समितिको प्रतिवेदन समेत शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

सभा भएको मिति, स्थान र समय

सभा भएको मिति :- २०८३ साल आश्विन महिना २८ गते (तद्अनुसार १४ अक्टोबर, २०२६) बुधबार
सभा भएको स्थान :- अमृतभोग, कालिकास्थान, डिल्लीबजार, काठमाण्डौं ।
सभा सुरु भएको समय :- बिहान ११:०० बजे ।

३. **छलफलका विषयहरु :**

क.साधारण प्रस्तावहरु

१. आ.व. २०८२/८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८३ आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरु सहितको एकीकृत वासलात र मिति २०८२/०४/०१ देखि २०८३/०३/३२ सम्मको नाफा नोक्सानको हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमाथि छलफल गरी पारित गर्ने ।
३. सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार साधारण शेयरधनीहरुलाई कर प्रयोजनार्थ चुक्ता पूँजीको ०.२० प्रतिशतका दरले हुन आउने रु. ३,१०,१४,९२७.२३ बराबरको नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।
४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८३/८४ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

ख. विशेष प्रस्तावहरु

१. सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार साधारण शेयरधनीहरुलाई चुक्ता पूँजीको ३.८० प्रतिशतका दरले हुन आउने रु. ५८,९२,८३,६१७.३४ बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।
२. बैंकको प्रबन्धपत्रमा संशोधन गर्ने ।
(क) बैंकको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने सम्बन्धमा ।

३. बैंकको प्रबन्धपत्र संशोधन गर्न अनुमति लिनु पर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग. विविध

४. उपस्थिति

४.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु :

क्र.सं.	नाम, थर	पद	कैफियत
१.	श्री प्रबल जंग पाण्डे	अध्यक्ष	उपस्थित
२.	श्री प्रकाश चन्द्र मैनाली	सञ्चालक	उपस्थित
३.	श्री दिग्विजय विष्ट	सञ्चालक	उपस्थित
४.	श्री अनिल ज्ञवाली	सञ्चालक	उपस्थित
५.	डा. विनोद आत्रेय	सञ्चालक	उपस्थित
६.	श्रीमती हिमा देवी खड्का के.सी.	सञ्चालक	उपस्थित

४.२ उपस्थित अन्य पदाधिकारी :

क्र.सं.	नाम, थर	पद
१.	श्री गणेश राज पोखरेल	प्रमुख कार्यकारी अधिकृत
२.	श्री राजेन्द्र लाल श्रेष्ठ	नायव-प्रमुख कार्यकारी अधिकृत
३.	श्री सुमन मुलेपती	प्रमुख कर्जा अधिकृत/सहायक प्रमुख कार्यकारी अधिकृत
४.	श्री संजीव कुमार श्रेष्ठ	प्रमुख सूचना प्रविधि अधिकृत/सहायक प्रमुख कार्यकारी अधिकृत
५.	श्री नारायण राज अधिकारी	प्रमुख प्रशासकीय अधिकृत/प्रवक्ता/सूचना अधिकारी/सहायक प्रमुख कार्यकारी अधिकृत
६.	श्री अमित खनाल	प्रमुख जोखिम अधिकृत/सहायक प्रमुख कार्यकारी अधिकृत
७.	श्री रोशन मल्ल	प्रमुख पूर्वाधार/सहवित्तीयकरण तथा कर्पोरेट बैकिङ्ग अधिकृत
८.	श्री रोशन मानन्धर	प्रमुख सञ्चालन अधिकृत /गुनासो व्यवस्थापन अधिकारी
९.	श्री प्रमेश राज कायस्थ	प्रमुख वित्त अधिकृत/कम्पनी सचिव

४.३ शेयरधनीहरुको उपस्थिति :

क्र.सं.	विवरण	संख्या
१.	स्वयम् उपस्थित हुने शेयरधनीको संख्या :	१,२२३
२.	प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्या :	६०६
	जम्मा	**१,८२९**

५. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)

विवरण	कूल संख्या	जम्मा उपस्थिति	कूल शेयरको प्रतिनिधित्व
शेयरधनी संख्या	१८७,९१२	१,८२९	५३.४५ प्रतिशत

CITIZENS BANK INTERNATIONAL LTD. Citizens Corporate Office सिटिजन्स बैंक इन्टरनेशनल लि.

सस्थापक समूह "क"	१,५१३	२७०	४०.५९ प्रतिशत
सर्वसाधारण समूह "ख"	१८६,३९९	१,५५९	१२.८७ प्रतिशत
शेयरधनीहरुले ग्रहण गरेको कुल शेयर कित्ता	**१५५,०७४,६३६**		**१००.०० प्रतिशत**

६. सभाको वैधानिकता र सभाको सभापतित्व

६.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम साधारण सभा बोलाईएको र कम्पनी ऐन,२०६३ को दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको २० औं वार्षिक साधारण सभामा राखिएको शेयरधनी हाजिरी पुस्तिकामा स्वयम् उपस्थित भई हाजिरी जनाउने शेयरधनीको संख्या १,२२३ जना, प्रोक्सी मार्फत ६०६ जना गरि कुल शेयरधनी १,८२९ जना कुल शेयर कित्ता मध्ये शेयर कित्ता ८,२८,९४,३३४.३२ उपस्थित भई ५३.४५ प्रतिशत प्रतिनिधित्व भएको हुँदा वार्षिक साधारण सभाको गणपूरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा ४ बमोजिम बैंकको वार्षिक साधारण सभा रजिष्टर्ड कार्यालय रहेको जिल्ला अर्थात् काठमाण्डौंमा नै गरिएको हुँदा कम्पनी सचिवले प्रचलित कम्पनी कानून अनुसार सञ्चालन भएको सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

६.२ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्ष प्रबल जंग पाण्डेज्यूको सभापतित्वमा गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउँदै सञ्चालक समितिका अध्यक्ष प्रबल जंग पाण्डेज्यूको सभापतित्वमा बैंकको २० औं वार्षिक साधारण सभा शुरु गर्न अनुरोध गर्नु भयो ।

६.३ सभाका सभापतिले सभा सञ्चालन गर्नु पूर्व सभामा स्वयम् उपस्थित हुनु भएका सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवम् अभिवादन गर्नु भयो र सभाको कार्य अगाडि बढाउनु भयो ।

७. साधारण सभाको प्रस्तुती :

७.१. सभाका सभापतिज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवम् अभिवादन गर्दै पूर्व निर्धारित छलफलका विषय सूचीका सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदनलाई सभामा पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नु भयो ।

७.२ तत्पश्चात् सभापतिज्यूले बैंकको २० औं वार्षिक साधारण सभामा प्रतिवेदन छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नु भयो ।

८. छलफलको लागि आव्हान र सहभागी शेयरधनी महानुभावहरु :

८.१ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको २० औं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन सभापतिज्यूले शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्नु भए पश्चात् निम्न शेयरधनीहरुले देहाय अनुसार आ-आफ्नो जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

८.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम :

१. श्री लवराज जोशी
२. श्री दामोदर रेग्मी
३. श्री डमरु बल्लभ घिमिरे
४. श्री जयन्द्र मान सिंह वाँनिया

५. श्री उत्तम पाठक
६. श्री रोज कुमार श्रेष्ठ
७. श्री गोगन बहादुर पराजुली क्षेत्री
८. श्री महेन्द्र बहादुर श्रेष्ठ
९. श्री बैजनाथ रौनियार
१०. श्री नरसिंहलाल चंखू
११. श्री उत्सव श्रेष्ठ

८.३. छलफलमा लिखित मन्तव्य पेश गर्नु हुने शेयरधनी महानुभावहरुको नाम

१. श्री दिवाकर खड्का
२. श्री भेषराज भण्डारी
३. श्री युगल बसेल
४. श्री सुरेन्द्र चिमोरिया
५. श्री भक्ति प्रसाद उप्रेती
६. श्री प्रा. डा. रामजी प्रसाद पण्डित
७. श्री लक्ष्मण बहादुर श्रेष्ठ
८. श्री व्यास कुमार शर्मा
९. श्री बिपिन धिताल
१०. श्री सुदिप श्रेष्ठ
११. श्री जगन्नाथ आचार्य
१२. श्री उत्तम दत्त पाण्डे
१३. श्री ब्रह्मदेव शाक्य
१४. श्री बलराम कोइराला
१५. श्री चन्द्रनारायण श्रेष्ठ
१६. श्री गुणराज भट्ट
१७. श्री ईन्द्र प्रसाद लामिछाने
१८. श्री गोविन्द बहादुर के. सी.

९. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण :

९.१ छलफलको क्रममा शेयरधनी महानुभावहरुले स्वयम् आफै उपस्थित भई व्यक्त गर्नु भएका मन्तव्यलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

१. श्री लवराज जोशी

श्री जोशीज्यूले बैंक सञ्चालक समिति अध्यक्ष, सञ्चालकहरु, प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव, बैंक व्यवस्थापन, शेयरधनी महानुभाव तथा कर्मचारीहरुमा दिवाकालीन अभिवादन व्यक्त गर्दै बैंकको २०औँ वार्षिक साधारण सभामा शेयरधनीको तर्फबाट बोल्ने अवसर प्रदान गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो ।

शेयरधनीहरुले आफूले लगानी गरेको कम्पनीले सकेसम्म बढी लाभांश वितरण गरोस् भन्ने चाहना राख्नु स्वाभाविक रहेको धारणा राख्दै उहाँले बैंकले नियमित रुपमा लाभांश वितरण गर्दै आएको र यस वर्ष पनि ३.८० प्रतिशत बोनस शेयरसहित ४ प्रतिशत लाभांश वितरण गर्ने निर्णय गर्नु स्वागतयोग्य रहेको बताउनुभयो । हालको परिस्थितिमा बैंकले सकारात्मक अवस्था सिर्जना गर्दै नियामकीय मापदण्ड अनुसार अघि बढी बोनस शेयर वितरण गर्न सक्ने अवस्था बनाउनुलाई सकारात्मक रुपमा लिएको बताउनु भयो ।

CITIZENS BANK INTERNATIONAL LTD. Citizens Corporate Office सिटिजन्स बैंक इन्टरनेसनल लि.

साथै, उहाँले बैंकको मुख्य उद्देश्य शेयरधनीहरुको अपेक्षाअनुसार प्रतिफल प्रदान गर्नुका साथै संस्थालाई दीर्घकालीन रुपमा सबल बनाउनु रहेको बताउँदै बैंकले आफ्नो व्यवसाय विस्तार गरी नियामकीय व्यवस्थाहरुको पालना गर्दै अघि बढ्नुपर्ने कुरामा जोड दिनुभयो । कम्पनी ऐन अनुसार १८० दिनभित्र साधारण सभा गर्नुपर्ने व्यवस्था भए पनि यसपटक बैंकले त्यसअघि नै साधारण सभा आयोजना गरेकामा बैंकका अध्यक्षज्यू तथा व्यवस्थापन समूहलाई धन्यवाद ज्ञापन गर्नुभयो । बैंकमा कार्यरत सम्पूर्ण कर्मचारी साथीहरुले बैंकको प्रगती र उन्नतिका लागि जिम्मेवारीपूर्वक काम गर्नुभएकोमा प्रशंसा व्यक्त गर्नुभयो । बैंकले आगामी दिनहरुमा कुन क्षेत्रमा र कुन स्थानमा लगानी गर्दा बढी उपयुक्त हुन्छ भन्ने विषयमा सर्वेक्षण तथा अध्ययन गरेर निर्णय गरिएमा लगानी सुरक्षित र भरपर्दो हुने विचार व्यक्त गर्नुभयो ।

आदरणीय अध्यक्षज्यू तथा सञ्चालकज्यूहरुले बैंकको प्रगति र उन्नतिका लागि खेल्नुभएको भूमिकाको प्रशंसा गदै उहाँले आगामी दिनमा बैंकले दोहोरो अंकको लाभांश वितरण गर्न सक्ने अवस्था सिर्जना होस् भन्ने अपेक्षा राख्दै, आउदैं गरेका प्रमुख चाडपर्वहरु; दशैँ, शुभ दीपावली, म्हपूजा तथा छठ पर्वका अवसरमा सभामा उपस्थित सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्नुभयो ।

२. श्री दामोदर रेग्मी

श्री रेग्मीज्यूले बैंकका अध्यक्ष, बैंक सञ्चालक समिति, व्यवस्थापन समूह, कर्मचारी, शेयरधनीहरु लगायत सभामा उपस्थित सर्म्पूणलाई अभिवादन गर्दै शेयरधनीको तर्फबाट बोल्ने मौका दिएकोमा धन्यवाद ज्ञापन गर्नुभयो । उहाँले बैंकको निष्क्रिय कर्जा अनुपात ५ प्रतिशतभन्दा माथि रहेको सन्दर्भमा उक्त अनुपातलाई प्रभावकारी रुपमा घटाउन सकिएमा बैंकको नाफा तथा वित्तीय कार्यसम्पादनमा सुधार आई शेयरधनीहरुलाई दोहोरो अंकको प्रतिफल प्रदान गर्न सकिने सम्भावना रहेको उल्लेख गर्नुभयो ।
बैंकले बोनस शेयर वितरण गर्न लागेको विषयलाई सकारात्मक रुपमा लिँदै नाफामा वृद्धि भएतापनि वितरणयोग्य मुनाफा घटेको देखिएकाले यस विषयमा व्यवस्थापनले विशेष ध्यान दिनुपर्ने धारणा व्यक्त गर्नुभयो । त्यसैगरी, उहाँले शेयर बजारमा बैंकको शेयर मूल्यमा केही वृद्धि देखिनुलाई शेयरधनीहरुले बैंकको व्यवस्थापन प्रति देखाएको विश्वासका रुपमा लिन सकिने उल्लेख गर्दै उक्त विश्वासलाई कायम राख्न तथा बैंकलाई थप सबल र सुदृढ बनाउन व्यवस्थापन टोलीलाई अझ प्रभावकारी ढंगले कार्य गर्न प्रेरित गर्नुभयो ।
साथै, कर्मचारीहरुको कार्यसम्पादनलाई प्रभावकारी बनाउन उचित रणनीति अपनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो । साथै, कर्जा व्यवस्थापनतर्फ ध्यानाकर्षण गराउँदै निष्क्रिय कर्जाको अनुपात बढ्दो क्रममा रहेकोले यसलाई गम्भीरतापूर्वक लिई कर्जा असुली, जोखिम नियन्त्रण तथा कर्जा व्यवस्थापन प्रणालीमा सुधार गर्नुपर्ने सुझाव दिनुभयो । अन्त्यमा, आगामी दिनमा सकारात्मक रुपमा सुधार गर्दै बैंकको समग्र वित्तीय अवस्था थप सुदृढ बनाउन व्यवस्थापन टोली सफल हुने विश्वास समेत व्यक्त गर्नुभयो ।

३. श्री डमरु बल्लभ घिमिरे

श्री घिमिरेज्यूले सञ्चालक समितिका अध्यक्ष, सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापन समूह, उपस्थित शेयरधनी, कर्मचारीहरु लगायत सम्पूर्ण उपस्थित महानुभावहरुमा हार्दिक अभिवादन व्यक्त गर्दै बडा दशैं, दीपावली, छठ लगायत सम्पूर्ण चाडपर्वहरुको मंगलमय शुभकामना व्यक्त गर्नुभयो ।
सर्वप्रथम, चालु आर्थिक वर्षको पहिलो त्रैमासभित्रै वार्षिक साधारण सभा सम्पन्न गर्न सफल भएकोमा बैंकका सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृत तथा सम्पूर्ण व्यवस्थापनलाई हार्दिक वधाई तथा धन्यवाद ज्ञापन गर्नुभयो । साथै, शेयरधनीहरुलाई प्रत्येक वर्ष निरन्तर रुपमा लाभांश प्रदान गर्दै आएकोमा खुशी व्यक्त गर्नुभयो । बैंकको वार्षिक प्रतिवेदन अध्ययन तथा विश्लेषण गर्दा मुलुकमा विद्यमान राजनीतिक अस्थिरता, उतारचढावपूर्ण अवस्था तथा खस्कँदो आर्थिक परिस्थितिका बावजुद पनि बैंकको अवस्था सुदृढ रहेको पाएको उल्लेख गर्नुभयो ।
विगतका वर्षहरुमा बैंकहरुलाई मर्जर तथा प्राप्तिका लागि ठूलो दबाव सिर्जना भएको परिस्थितिमा साना वित्तीय संस्थाहरुलाई प्राप्ति गरी बैंकलाई सम्भावित चुनौतीबाट जोगाउन सफल भएकोमा सञ्चालक समिति तथा प्रमुख

कार्यकारी अधिकृतज्यूको नेतृत्वमा रहेको व्यवस्थापन टोलीलाई विशेष बधाई तथा धन्यवाद ज्ञापन गर्दै आफ्नो मन्तव्य टुङ्गयाउनु भयो ।

४. श्री जयन्द्र मान सिंह बाँनिया

श्री बाँनियाज्यूले उपस्थित सम्पूर्णमा अभिवादन व्यक्त गर्दै २० औं वार्षिक साधारण सभामा बैंकको वित्तीय अवस्था, आम्दानी र शेयरधनीले प्राप्त गर्ने प्रतिफलमा सुधार गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । बैंकको पूँजी पर्याप्तता कायम रहे पनि कर्जा विस्तार, ब्याज आम्दानी तथा अन्य आम्दानीका स्रोतमा सुधार गर्दै जानुपर्ने भनाइ राख्नुभयो ।

बैंकको प्रस्तावित ४ प्रतिशत लाभांश अपेक्षित भन्दा कम भएको उल्लेख गर्दै आगामी वर्षहरुमा दोहोरो अङ्कको लाभांश दिने लक्ष्य सहित स्पष्ट कार्ययोजना बनाइ कार्यान्वयन गर्न सुझाव दिनुभयो । उहाँले बैंकको निष्क्रिय कर्जा घटाउने, कर्जाको गुणस्तर सुधार गर्ने तथा कर्जा असूलीलाई अझ प्रभावकारी बनाउने तर्फ विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो । साथै, शाखाहरुको नाफा र सञ्चालन खर्चको समीक्षा गरी अनावश्यक खर्च घटाउन तथा बैंकको नाफा र शेयरधनीको प्रतिफल बढाउन सुझाव दिनुभयो ।

अन्त्यमा, उहाँले आगामी दिनमा बैंकको वित्तीय प्रदर्शन र शेयर मूल्यमा सुधार हुने तथा आगामी वर्ष बैंकले कम्तीमा १० प्रतिशत लाभांश वितरण गर्ने वातावरण बनाउन सञ्चालक समिति तथा व्यवस्थापन प्रति विश्वास व्यक्त गर्नुभयो ।

५. श्री उत्तम पाठक

श्री पाठकज्यूले अध्यक्ष, सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृत, बैंकका व्यवस्थापक, कर्मचारी तथा सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुमा अभिवादन व्यक्त गदै आफ्नो मन्तव्य शुरु गर्नुभयो । सिटिजन्स बैंकको स्थापनाकालदेखि हालसम्मका आरोह-अवरोह र चुनौतीहरुलाई नजिकबाट नियालेर हेर्दा, प्रतिकूल आर्थिक परिस्थितिमा पनि बैंकले शेयरधनीलाई निरन्तर प्रतिफल दिदैं आएकोमा खुसी लागेको बताउनुभयो । विगतमा लाभांश वितरणमा निरन्तर योगदान पुऱ्याउनुहुने अग्रजहरुलाई पनि विशेष धन्यवाद दिनुभयो ।

समीक्षा वर्षमा बैंकले खुद नाफा, प्रतिशेयर आम्दानीमा भएको वृद्धि उपलब्धिमुलक भई व्यवस्थापनको कार्यक्षमता र व्यावसायिक दक्षताको प्रमाण भएको बताउनु भयो । आर्थिक मन्दी र कर्जाको मागमा आएको कमीका बावजुद बैंकले आफ्नो वित्तीय अवस्था सुदृढ राख्न गरेको प्रयास प्रशंसनीय रहेको भन्दै उहाँले विशेषगरी खराब कर्जाको यथार्थ चित्रण, नियामकीय व्यवस्थाको पालना र वित्तीय पारदर्शितालाई प्राथमिकता दिएकोमा सञ्चालक समिति तथा व्यवस्थापनलाई धन्यवाद दिनुभयो ।

आगामी दिनमा कर्जा असुली, जोखिम व्यवस्थापन, डिजिटल बैंकिङ, सञ्चालन खर्च नियन्त्रण र उत्पादनशील क्षेत्रमा लगानी विस्तारमा थप ध्यान दिदैं बैंकको वित्तीय अवस्थालाई अझ सुदृढ बनाउँदै शेयरधनीलाई उचित लाभांश प्रदान गर्ने दिशामा व्यवस्थापनले विशेष पहल गर्ने अपेक्षा राख्नुभयो । अन्त्यमा, बैंकलाई अझ सबल, विश्वसनीय र शेयरधनी मैत्री बैंकको रुपमा अगाडि बढाउन सञ्चालक समिति, व्यवस्थापन तथा सम्पूर्ण कर्मचारीहरुलाई शुभकामना व्यक्त गर्नुभयो ।

६. श्री रोज कुमार श्रेष्ठ

श्री श्रेष्ठज्यूले उपस्थित सम्पूर्णमा अभिवादन व्यक्त गर्दै आफ्ना मन्तव्य व्यक्त गर्ने क्रममा बैंकले अनावश्यक तडक भडक नगरी संयमित र व्यवस्थित रुपमा आफ्नो कार्यसम्पादन गर्दै आएको उल्लेख गर्नुभयो । उहाँले हालको विषम परिस्थितिका बावजुद बैंकले ४ प्रतिशत लाभांश वितरण गर्न सफल भएकोमा सामान्य रुपमा सन्तुष्ट रहेको धारणा

व्यक्त गर्नुभयो । साथै, बैंकको निष्क्रिय कर्जा अनुपातमा वृद्धि भएको प्रति चिन्ता व्यक्त गर्दै आगामी आर्थिक वर्षमा निष्क्रिय कर्जा अनुपात घटाउने विषयलाई उच्च प्राथमिकतामा राखि आवश्यक रणनीति तथा कार्ययोजनासहित प्रभावकारी रुपमा अघि बढ्न समेत अनुरोध गर्नुभयो ।

उहाँले बैंकहरुको निष्क्रिय कर्जा व्यवस्थापन प्रक्रियालाई प्रभावकारी बनाउन सम्पत्ति व्यवस्थापन कम्पनीको स्थापनाका लागि सम्बन्धित निकायमार्फत आवश्यक पहल गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । उहाँले बैंकको कर्जा अपलेखन विवरण उल्लेख गर्दै उक्त रकमको असुलीका लागि थप प्रभावकारी प्रयास गर्न र असुली प्रक्रियालाई तीव्रता दिन व्यवस्थापनको ध्यानाकर्षण गराउनुभयो ।

त्यसैगरी, उहाँले अपरिष्कृत तथा लेखापरीक्षण भएको वित्तीय विवरण बीच देखिएको अन्तरका सम्बन्धमा स्पष्ट पार्न व्यवस्थापनलाई अनुरोध गर्नुभयो । अन्त्यमा, बैंकको समग्र प्रगतिका लागि व्यवस्थापनले गरिरहेको प्रयास प्रति धन्यवाद व्यक्त गर्दै आगामी वर्ष निष्क्रिय कर्जा अनुपात घटाउन थप प्रभावकारी कदम चाल्न आग्रह गर्दै अझ राम्रो वित्तीय नतिजा हासिल हुने विश्वास व्यक्त गर्नुभयो ।

७. श्री गोगन बहादुर पराजुली क्षेत्री

श्री पराजुली क्षेत्रीज्यूले आफुलाई मन्तव्य राख्ने अवसर प्रदान गर्नुभएकोमा कम्पनी सचिवलाई धन्यवाद ज्ञापन गर्दै उपस्थित सम्पूर्ण महानुभावहरुमा नजिकिँदै गरेका चाडपर्वहरुको अवसरमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नुभयो ।

उहाँले बैंकबाट प्रस्तावित ४ प्रतिशतको लाभांश औसत स्तरको रहेको धारणा व्यक्त गर्दै आगामी दिनमा शेयरधनीहरुलाई अझ आकर्षक प्रतिफल प्रदान गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले बैंकको निष्क्रिय कर्जाको अवस्थाबारे चर्चा गर्दै देशमा विद्यमान राजनीतिक अस्थिरता तथा विषम परिस्थितिले गर्दा समग्र बैंकिङ क्षेत्रको औसत निष्क्रिय कर्जा अनुपात ५ प्रतिशतभन्दा माथि रहेको सन्दर्भमा बैंकको निष्क्रिय कर्जा व्यवस्थापन तथा असुलीका लागि व्यवस्थापन टोलीबाट गरिएको प्रयास प्रशंसनीय रहेको उल्लेख गर्नुभयो । उहाँले बैंकले निष्क्रिय कर्जा असुली गर्न सकेकोमा खुसी व्यक्त गर्दै आगामी दिनमा निष्क्रिय कर्जाको अनुपात अझ घटाउन आवश्यक पहल गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

त्यसैगरी, उहाँले सञ्चालन खर्चलाई मितव्ययी तथा प्रभावकारी ढंगले व्यवस्थापन गर्दै आम्दानी वृद्धि गर्नेतर्फ ध्यानाकर्षण गराउनुभयो । बैंकका अन्य वित्तीय सूचाङ्कहरुमा सकारात्मक सुधार देखिएको उल्लेख गर्दै चालु आर्थिक वर्षको पहिलो त्रयमास भित्रै साधारण सभा सम्पन्न गर्न सफल भएकोमा सञ्चालक समिति तथा व्यवस्थापनलाई धन्यवाद व्यक्त गर्नुभयो । अन्त्यमा, २० औँ वार्षिक साधारण सभामा प्रस्तुत सम्पूर्ण प्रस्तावहरुप्रति पूर्ण समर्थन व्यक्त गर्दै सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

८. श्री महेन्द्र बहादुर श्रेष्ठ

श्री श्रेष्ठज्यूले बैंकका अध्यक्ष, संचालक समिति, व्यवस्थापन समूह, कर्मचारी, शेयरधनीहरु लगायत सभामा उपस्थित सर्म्पणलाई अभिवादन गर्दै शेयरधनीको तर्फबाट सभामा बोल्ने मौका दिएकोमा धन्यवाद दिदै शेयरधनीहरुको भावना तथा मर्मलाई आत्मसात् गर्दै यस वर्ष पनि शेयरधनीहरुको हात खाली नराखेकोमा बैंकको सञ्चालक समिति तथा व्यवस्थापनलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

हालको अवस्थामा बजारमा तरलता बढ्दै गएको भए तापनि उपयुक्त क्षेत्रमा लगानी गर्ने अवसर सीमित हुँदा लगानी व्यवस्थापनमा चुनौती उत्पन्न भएको उल्लेख गर्दै तरलताको प्रभावकारी व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने धारणा व्यक्त गर्नुभयो । उहाँले बजारमा विभिन्न बैंकमा भएका घटनाहरुको सन्दर्भलाई जोड्दै बैंकको संस्थागत सुशासनलाई थप सुदृढ बनाउनुपर्नेमा जोड दिनुका साथै सम्बन्धित निकायमार्फत समाधान गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

साथै, विद्युतीय कारोबार तथा प्रविधिको बढ्दो प्रयोगलाई मध्येनजर गर्दै साइबर सुरक्षालाई थप मजबुत बनाउन आवश्यक ध्यान दिन व्यवस्थापन समक्ष आग्रह गर्नुभयो । त्यसैगरी, बजारमा वाणिज्य बैंकहरुको शेयर मूल्यमा अपेक्षित वृद्धि हुन नसकेको विषयमा चासो व्यक्त गर्दै यसतर्फ समेत ध्यान दिनुपर्ने धारणा राख्नुभयो । अन्त्यमा, दशौं अधि नै साधारण सभा सम्पन्न गरेकोमा धन्यवाद व्यक्त गर्दै आगामी वर्ष दोहोरो अंकको लाभांशको अपेक्षा राख्नुभयो ।

९. श्री बैजूनाथ रौनियार

श्री रौनियारज्यूल बैंकको २० औं वार्षिक साधारण सभामा आर्थिक वर्ष २०८२/८३ का लागि प्रस्तावित ४ प्रतिशत लाभांशप्रति सन्तुष्टि व्यक्त गर्दै आगामी आर्थिक वर्षमा दोहोरो अङ्कको लाभांश वितरण गर्ने गरी कार्य गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले बैंकको संस्थागत सुशासन, सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्य तथा विभिन्न समिति मार्फत भइरहेको कामको प्रशंसा गर्नुभयो । बैंकको निष्क्रिय कर्जा वृद्धि भएकोमा चिन्ता व्यक्त गर्दै निष्क्रिय कर्जाको व्यवस्थापन गर्दै अपलेखित कर्जा असुलीलाई प्राथमिकतामा राख्न सुझाव दिनुभयो । साथै, बैंक विरुद्ध तथा बैंकका तर्फबाट दायर भएका मुद्दाहरुको प्रकृतिबारे पनी जिज्ञासा राख्नुभयो ।

बैंकले सन् २०२४ र २०२५ मा 'बैंक अफ द इयर' अवार्डबाट सम्मान प्राप्त गरेकोमा खुसी व्यक्त गर्दै सभामा प्रस्तुत सम्पूर्ण प्रस्तावहरुप्रति आफ्नो पूर्ण समर्थन जनाउनुभयो । अन्त्यमा, बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी वर्ष शेयरधनीले दोहोरो अङ्कको लाभांश प्राप्त गर्ने विश्वास व्यक्त गर्नुभयो।

१०. श्री नरसिंहलाल चंखू

श्री चंखूज्यूले बैंकका अध्यक्ष लगायत सभामा उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक अभिवादन व्यक्त गर्दै बैंकको समग्र वित्तीय अवस्थाको समीक्षा गर्दा बैंक सुदृढ अवस्थामा रहेको देखिएको धारणा व्यक्त गर्नुभयो । उहाँले बैंकले यस आर्थिक वर्षमा ४ प्रतिशत लाभांश प्रदान गरेकोमा सञ्चालक समिति तथा व्यवस्थापन टोलीप्रति आभार व्यक्त गर्दै आगामी वर्ष यसभन्दा अझ राम्रो प्रतिफल प्रदान गर्न बैंक सफल हुने विश्वास व्यक्त गर्नुभयो ।

बैंकका विभिन्न वित्तीय तथा कार्यसम्पादन सम्बन्धी सूचकहरुमा क्रमिक सुधार हुँदै गएको विषयलाई प्रशंसनीय मान्दै बैंकले डिजिटल रुपान्तरण तथा उत्कृष्ट सञ्चालनको मार्ग अवलम्बन गर्दै अगाडि बढिरहेको कार्यको सराहना गर्नुभयो । उहाँले निष्क्रिय कर्जा व्यवस्थापनमा केन्द्रित भई अन्य कार्यक्षेत्रहरुमा समेत बैंकले प्रगतिशील ढंगले कार्य गरिरहेको धारणा व्यक्त गर्दै जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन व्यवस्थापन सचेत र क्रियाशील रहेको विषयलाई पनि सकारात्मक रुपमा लिनुभयो ।

साथै, बैंकमा संस्थागत सुशासन कायम रहेको धारणा व्यक्त गर्दै वार्षिक साधारण सभामा प्रस्तुत सम्पूर्ण प्रस्तावहरुप्रति पूर्ण समर्थन रहेको विचार व्यक्त गर्नुभयो । अन्त्यमा नजिकिँदै गरेका चाडपर्वहरुको अवसरमा उपस्थित सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्नुभयो ।

११. श्री उत्सव श्रेष्ठ

श्री श्रेष्ठज्यूले बैंकका अध्यक्ष, बैंक संचालक समिति, व्यवस्थापन समूह, कर्मचारी, शेयरधनीहरु लगायत सभामा उपस्थित सर्म्पूणलाई अभिवादन गर्दै बैंकद्वारा प्रस्तावित ४ प्रतिशत लाभांश शेयरधनीहरुको अपेक्षित भन्दा केही कम भएको धारणा व्यक्त गर्नुभयो । उहाँले पाँच वर्षभन्दा बढी अवधिदेखि भुक्तानी हुन बाँकी लाभांश लगानीकर्ता

संरक्षण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको सन्दर्भमा विगतका वर्षहरुमा भुक्तानी हुन बाँकी लाभांशको अवस्था स्पष्ट पार्न बैंक व्यवस्थापन समक्ष आग्रह गर्नुभयो ।

बैंकको लगानी रहेको शेयरहरुको सन्दर्भमा शेयर मूल्य वृद्धि भएको अवस्था हेरी उक्त शेयर बिक्री गरी सोबाट प्राप्त प्रतिफलको सदुपयोग गर्दै शेयरधनीहरुलाई थप लाभांश वितरण गर्ने सम्भावनातर्फ समेत ध्यानाकर्षण गराउनु भयो । त्यसैगरी, बैंकको मनोरञ्जन खर्चको सम्बन्धमा जिज्ञासा राख्दै कर्जा अपलेखन गरिएको रकमको तुलनामा असुली गरिएको रकम कम रहेको विषयमा ध्यानाकर्षण गराउँदै अपलेखन गरिएका कर्जाको प्रभावकारी असुलीमा थप प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो ।

अन्त्यमा, आगामी आर्थिक वर्षमा बैंकको वित्तीय कार्यसम्पादनमा सुधार गर्दै शेयरधनीहरुको अपेक्षा अनुरुप दोहोरो अकंमा लाभांश वितरण गर्न सकिने लक्ष्यका साथ आवश्यक रणनीति अवलम्बन गर्न व्यवस्थापनलाई आग्रह गर्नुभयो ।

९.२ छलफलमा लिखित मन्तव्य दिनहुने शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका मन्तव्यलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ:-

१. श्री दिवाकर खड्का

श्री खड्काज्यूले बैंकको २० औं वार्षिक साधारणसभामा लिखित रुपमा आफ्ना सुझाव राख्ने अवसर प्रदान गर्नुभएकोमा बैंकप्रति हार्दिक आभार व्यक्त गर्नुभयो । बैंकले प्रस्ताव गरेको ३.८० प्रतिशत वोनश शेयर वापतको लाभांश शेयरधनीहरुको अपेक्षाको तुलनामा न्यून रहेको उल्लेख गदै उहाँले आगामी दिनमा शेयरधनीलाई उचित प्रतिफल प्रदान गर्न बैंकले विशेष पहल गर्नुपर्नेमा जोड दिनुभयो ।

त्यसैगरी, निष्क्रिय कर्जा घटाउनु बैंकका लागि प्रमुख चुनौती रहेको, हाल बैंकिङ क्षेत्रमा कर्जाको माग घट्नु र धितो लिलाम गर्दा खरिदकर्ता नपाई बैंक आफैंले धितो सकार गर्नुपर्ने अवस्थाले थप समस्या सिर्जना भएकोले सो समस्या समाधानका लागि प्रभावकारी कर्जा असुली रणनीति, जोखिम व्यवस्थापन तथा कर्जाको गुणस्तर सुधारमा विशेष ध्यान दिन सुझाव दिनुभयो ।

अन्त्यमा, बैंकले यी चुनौतीहरुलाई गम्भीरतापूर्वक लिई वित्तीय अवस्था सुदृढ बनाउने र आगामी दिनमा शेयरधनीलाई उचित लाभांश प्रदान गर्ने दिशामा ठोस कदम चाल्नेछ भन्ने अपेक्षा राख्नुभयो ।

२. श्री भेषराज भण्डारी

श्री भण्डारीज्यूले अध्यक्ष, सञ्चालक समिति तथा सम्पूर्ण शेयरधनी महानुभावहरुमा हार्दिक अभिवादन व्यक्त गदै बैंकको २०औं वार्षिक साधारण सभामा शेयरधनीका रुपमा आफ्ना विचार राख्न पाउँदा खुसी लागेको बताउनुभयो । अहिलेको चुनौतीपूर्ण आर्थिक परिस्थितिका बीच पनि बैंकले वित्तीय स्थायित्व कायम राख्न गरेको प्रयासका लागि सञ्चालक समिति तथा व्यवस्थापनलाई धन्यवाद दिनुभयो ।

बैंकले प्रस्ताव गरेको ३.८० प्रतिशत लाभांश शेयरधनीको अपेक्षाको तुलनामा न्यून रहेको र त्यसैगरी, बैंकको निष्क्रिय कर्जा बढ्नु चिन्ताको विषय रहेको बताउँदै उहाँले निष्क्रिय कर्जाले बैंकको नाफा तथा भविष्यमा शेयरधनीलाई प्रदान गर्न सकिने प्रतिफलमा समेत असर पार्ने भएकोले सो तर्फ सचेत रहन आग्रह गर्नुभयो । निष्क्रिय कर्जा घटाउन प्रभावकारी कर्जा असुली रणनीति, प्रारम्भिक जोखिम पहिचान प्रणाली तथा कर्जाको गुणस्तर सुधारमा विशेष ध्यान दिन सुझाव दिनुभयो ।

साथै, उहाँले बैंकले डिजिटल बैंकिङको विस्तारमार्फत सञ्चालन खर्च घटाउने, खर्च व्यवस्थापनमा सुधार गर्ने र उपलब्ध स्रोतलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्ने नीति लिनुपर्नेमा जोड दिनुभयो । अन्त्यमा, बैंकको वित्तीय

अवस्था थप सुदृढ बनाउँदै शेयरधनीलाई उचित प्रतिफल प्रदान गर्न दीर्घकालीन लाभांश नीति र स्पष्ट कार्ययोजना ल्याउन व्यवस्थापनलाई सुझाव दिनुभयो । आगामी दिनमा बैंकले निष्क्रिय कर्जा नियन्त्रण, सञ्चालन दक्षता र नाफा वृद्धिमा सुधार गर्दै शेयरधनीको अपेक्षा पूरा गर्ने विश्वास व्यक्त गर्नुभयो ।

३. श्री युगल बसेल

श्री बसेलज्यूले बैंकको २० औँ वार्षिक साधारणसभामा आफ्नो धारणा राख्दै बैंकले प्रस्ताव गरेको लाभांशप्रति धन्यवाद व्यक्त गर्नुभयो । पछिल्ला पाँच वर्षमा बैंकले दिदै आएको लाभांश उल्लेख गर्दै शेयरधनीलाई उचित प्रतिफल दिन आगामी दिनमा सुधार गर्नुपर्ने धारणा राख्नुभयो । प्रस्तावित लाभांश वितरणपछि पनि सञ्चित मुनाफाका रुपमा रहेको रकमको प्रभावकारी उपयोग गर्नुपर्ने सुझाव दिनुभयो ।

आर्थिक वर्ष २०८१/८२ को तुलनामा कर्जा तथा सापटी बढे पनि खुद ब्याज आम्दानी घटेको विषयप्रति ध्यानाकर्षण गराउँदै कर्जा विस्तार र ब्याज आम्दानी तर्फ अपेक्षित सुधार ल्याउन व्यवस्थापनले आवश्यक कदम चाल्नुपर्ने विचार राख्नुभयो । अघिल्लो आर्थिक वर्षको तुलनामा कर्जा नोक्सानी व्यवस्था घटेको विषयलाई सकारात्मक उपलब्धिका रुपमा लिँदै व्यवस्थापनलाई धन्यवाद दिनुभयो । बैंकको खुद नाफामा वृद्धि भए पनि अन्य वाणिज्य बैंकहरुको औसत नाफा तथा प्रतिशेयर आम्दानीको तुलनामा बैंकले सुधार गर्नुपर्ने उल्लेख गर्नुभयो । आगामी आर्थिक वर्षमा बैंकले खर्चमा मितव्ययीता अपनाई, नाफा र प्रतिशेयर आम्दानी लाई वाणिज्य बैंकहरुको औसत स्तरसम्म पुऱ्याउने लक्ष्य सहित कार्ययोजना बनाउन सुझाव दिनुभयो ।

अपलेखन गरिएको कर्जाको तुलनामा असुली रकम न्यून रहेको विषयमा ध्यानाकर्षण गराउँदै अपलेखित कर्जा असुलीलाई प्रभावकारी बनाउन र असुली तथा अपलेखनबीचको अन्तर घटाउन समेत उहाँले सुझाव दिनुभयो । अपरिष्कृत र परिष्कृत वित्तीय विवरणबीच उल्लेखनीय भिन्नता नदेखिएको पक्षलाई सकारात्मक रुपमा लिँदै बैंकको आन्तरिक नियन्त्रण प्रणालीलाई आगामी दिनमा अझ सुदृढ बनाउन आग्रह गर्नुभयो । कर्मचारी खर्चको ३ प्रतिशत रकम तालिम तथा विकासमा खर्च गर्नुपर्ने व्यवस्थाका सन्दर्भमा निर्धारित अनुपात अनुसार कर्मचारीको क्षमता विकासमा पर्याप्त लगानी गर्न सुझाव दिनुभयो ।

अन्त्यमा, बैंकको वित्तीय कार्यसम्पादनमा सुधार, निष्क्रिय कर्जा नियन्त्रण, खर्च व्यवस्थापन, शेयरधनीलाई उचित प्रतिफल तथा वित्तीय प्रतिवेदनमा पारदर्शिता कायम गर्न दिनुभएको सुझाव व्यवस्थापनले सकारात्मक रुपमा लिने अपेक्षा व्यक्त गर्दै सबैको कल्याणको कामना गर्दै आफ्नो मन्तव्य टुङ्गयाउनु भयो ।

४. श्री सुरेन्द्र चिमोरिया

श्री चिमोरियाज्यूले बैंकको २०औँ वार्षिक साधारण सभामा लिखित रुपमा बधाई तथा शुभकामना व्यक्त गर्दै आर्थिक वर्ष २०८२/८३ मा बैंकले आर्जन गरेको खुद नाफा प्रति बैंकको सञ्चालक समिति तथा व्यवस्थापनलाई बधाई दिनुभयो । साथै, शेयरधनीहरुका लागि प्रस्तावित ३.८० प्रतिशत बोनस शेयर तथा ०.२० प्रतिशत नगद लाभांशलाई सकारात्मक रुपमा लिँदै आगामी आर्थिक वर्षमा लाभांश वृद्धि गरी दोहोरो अङ्कमा पुऱ्याउन अनुरोध गर्नुभयो ।

बैंकले वित्तीय सेवा विस्तार, ग्राहकको विश्वास कायम राख्न तथा वित्तीय कार्यसम्पादन सुधार गर्न गरेको प्रयासको प्रशंसा गर्दै आगामी दिनमा बैंकको वित्तीय अवस्था अझ सुदृढ हुने र शेयरधनी तथा ग्राहकहरुको विश्वास थप मजबुत हुने अपेक्षा व्यक्त गर्नुभयो । साथै, बैंकको निरन्तर प्रगति तथा समृद्धिको कामना गर्दै सभाको पूर्ण सफलताको शुभकामना व्यक्त गर्नुभयो र सभामा प्रस्तुत साधारण तथा विशेष प्रस्तावहरुप्रति आफ्नो पूर्ण समर्थन रहेको जानकारी गराउनुभयो ।

५. श्री भक्ति प्रसाद उप्रेती

श्री उप्रेतीज्यूले बैंकको २० औं वार्षिक साधारणसभाको सफलताको शुभकामना व्यक्त गर्दै बडा दशैं, दीपावली, छठ तथा नेपाल संवत्को अवसरमा सुख, शान्ति र समृद्धिको कामना गर्नुभयो । उहाँले आर्थिक वर्ष २०८२/८३ का लागि प्रस्तावित ३.८० प्रतिशत बोनस शेयर तथा कर प्रयोजनका लागि ०.२० प्रतिशत नगद लाभांश सहित कुल ४ प्रतिशत लाभांश प्रस्ताव गरेकोमा बैंकलाई धन्यवाद दिनुभयो ।

उहाँले समीक्षा वर्षमा बैंकको वासलातको आकार, निक्षेप तथा कर्जा विस्तार, गैह्र ब्याज आम्दानी, नोक्सानी व्यवस्थापन र खुद नाफामा भएको सुधारलाई सकारात्मक रुपमा लिनुभयो । साथै, प्रतिशेयर आम्दानी बढेको तथा वितरणयोग्य मुनाफा राम्रो रहेको उल्लेख गर्दै बैंकको प्रगतिका लागि सञ्चालक समिति, व्यवस्थापन तथा सम्पूर्ण कर्मचारीलाई बधाई तथा धन्यवाद व्यक्त गर्नुभयो ।

बैंकको वित्तीय अवस्था थप सुदृढ बनाउन उहाँले कर्जा असुलीलाई उच्च प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो । कर्जा तथा अन्य सम्पत्तिको नोक्सानी व्यवस्था, गैह्रबैंकिङ सम्पत्ति, नियमनकारी कोष तथा अपलेखित कर्जासहितको रकमको प्रभावकारी व्यवस्थापन र असुली गर्नुपर्ने सुझाव दिनुभयो । साथै, मध्यमकालीन रणनीति तथा कार्ययोजना तयार गरी आगामी वर्षहरुमा सीडी रेसियो तथा स्प्रेड दरलाई बढाउन आवश्यक रहेको धारणा राख्नुभयो । त्यसैगरी, निष्क्रिय कर्जा समग्र बैंकिङ्गको औसतभन्दा बढी रहेको उल्लेख गर्दै मध्यमकालीन कार्ययोजना मार्फत आगामी दिनमा निष्क्रिय कर्जालाई लक्ष्य अनुरुप व्यवस्थापन गर्न सुझाव दिनुभयो ।

उहाँले बैंकले विगतमा झैं दशैंअघि नै वार्षिक साधारणसभा सम्पन्न गरेकोमा प्रशंसा गर्दै आगामी वर्षहरुमा पनि यही तत्परता कायम राख्न आग्रह गर्नुभयो । बैंकको संस्थागत सुशासन तथा सञ्चालन व्यवस्थाप्रति सकारात्मक धारणा व्यक्त गर्दै वित्तीय कार्यसम्पादनमा थप सुधार भए आगामी वर्षहरुमा शेयरधनीले दोहोरो अङ्कको लाभांश प्राप्त गर्ने अपेक्षा राख्न सकिने बताउनुभयो । अन्त्यमा, श्री उप्रेतीले बैंकको निरन्तर प्रगति, वित्तीय सुदृढता तथा शेयरधनीको हित अभिवृद्धिको कामना गर्दै सभामा छलफल तथा निर्णयार्थ प्रस्तुत साधारणसभाका प्रस्तावहरुप्रति आफ्नो पूर्ण समर्थन रहेको जानकारी गराउनुभयो ।

६. श्री प्रा.डा.रामजी प्रसाद पण्डित

श्री पण्डितज्यूले बैंकको २० औं वार्षिक साधारण सभामा लिखित सुझाव प्रस्तुत गर्दै यस आर्थिक वर्षमा शेयरधनीलाई ३.८ प्रतिशत बोनस शेयर र ०.२ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्तावप्रति धन्यवाद व्यक्त गर्दै आगामी वर्षहरुमा अझ बढी लाभांशको अपेक्षा राख्नुभयो ।

बैंकको शाखा विस्तारभन्दा विद्यमान शाखाहरुको नाफा, सञ्चालन खर्च र व्यवसायिक सम्भाव्यताको मूल्याङ्कन गरी आवश्यक सुधार गर्नुपर्ने धारणा राख्नुभयो । मर्जर तथा प्राप्तिका कारण कतिपय बैंकहरुको लाभांश क्षमता र वित्तीय अवस्थामा परेको प्रभाव उल्लेख गर्दै सिटिजन्स बैंकलाई स्वतन्त्र रुपमा सञ्चालन गरी दीर्घकालीन वित्तीय सुदृढता कायम राख्न र अनावश्यक मर्जरबाट जोगिन समेत आग्रह गर्नुभयो ।

बैंकले क्रमिक रुपमा प्रगति गर्दै उल्लेखनीय नाफा हासिल गरेकोमा अध्यक्ष, सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापन तथा सम्पूर्ण कर्मचारीलाई धन्यवाद व्यक्त गर्नुभयो । साथै, बैंकको भविष्य र प्रगतिका लागि आवश्यक निर्णय लिन सञ्चालक समिति तथा व्यवस्थापन सक्षम रहेको विश्वास व्यक्त गर्दै सभामा प्रस्तुत सम्पूर्ण प्रस्तावहरुप्रति आफ्नो समर्थन जनाउनुभयो ।

CITIZENS BANK INTERNATIONAL LTD. Citizens Corporate Office सिटिजन्स बैंक इन्टरनेशनल लि.

७. श्री लक्ष्मण बहादुर श्रेष्ठ

श्री श्रेष्ठज्यूले बैंकको २० औं वार्षिक साधारण सभा समयमै आयोजना गरेकोमा बैंक सञ्चालक समिति तथा व्यवस्थापनलाई धन्यवाद दिँदै आगामी वर्षको साधारण सभा पनि आ.व.को प्रथम त्रयमास भित्रै सम्पन्न गर्न आग्रह गर्नुभयो ।

चुनौतीपूर्ण परिस्थितिका बाबजुद आर्थिक वर्ष २०८२/८३ मा ३.८० प्रतिशत बोनस शेयर र कर प्रयोजनका लागि ०.२० प्रतिशत नगद लाभांश प्रस्ताव गरेकोमा धन्यवाद व्यक्त गर्दै उहाँले आगामी वर्षमा अझ बढी प्रतिफलको अपेक्षा राख्नुभयो ।

साथै, उहाँले भोटेकोशी बाढी तथा वर्षाका कारण बैंकको कर्जामा परेको प्रभावबारे सभामा जानकारी गराउन अनुरोध गर्नुभयो । बैंकको आर्थिक प्रतिवेदनमा उल्लेखित खर्चमा मितव्ययिता अपनाउन सुझाव दिँदै बैंकको प्रगतिमा योगदान पुऱ्याउने सम्पूर्ण कर्मचारीप्रति आभार व्यक्त गर्नुभयो । अन्त्यमा, सभामा प्रस्तुत सम्पूर्ण प्रस्तावहरुप्रति आफ्नो पूर्ण समर्थन जनाउँदै साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

८. श्री व्यास कुमार शर्मा

श्री शर्माज्यूले बैंकको २० औं वार्षिक साधारण सभामा प्रस्तुत आर्थिक वर्ष २०८२/८३ को प्रतिवेदन अध्ययन गर्दा बैंकको वित्तीय अवस्था सन्तुलित तथा प्रगति उन्मुख रहेकोमा खुसी व्यक्त गर्नुभयो । बैंकको रिजर्भ तथा सञ्चित मुनाफा, निक्षेप संकलन तथा कुल सम्पत्तिमा भएको वृद्धिको प्रशंसा गर्नुभयो । साथै, बैंकको खुद नाफा अघिल्लो आर्थिक वर्षको तुलनामा वृद्धि भएकोमा व्यवस्थापनलाई धन्यवाद दिनुभयो ।

उहाँले बैंकका अधिकांश वित्तीय सूचकहरु सकारात्मक रहेको उल्लेख गर्दै आगामी दिनमा निष्क्रिय कर्जा व्यवस्थापन तथा न्यूनीकरणमा विशेष ध्यान दिन सुझाव दिनुभयो । निष्क्रिय कर्जा घटाउन सकेमा बैंकले शेयरधनीहरुलाई अझ सन्तोषजनक प्रतिफल दिन सक्ने विश्वास व्यक्त गर्दै बैंकको निरन्तर प्रगति र सफलताको शुभकामना दिनुभयो ।

९. श्री बिपिन धिताल

श्री धितालज्यूले बैंकको २०औं वार्षिक साधारण सभा समयमै आयोजना गरेकोमा सञ्चालक समिति तथा व्यवस्थापनलाई धन्यवाद व्यक्त गर्दै सभामा प्रस्तुत सम्पूर्ण प्रस्तावहरुप्रति आफ्नो पूर्ण समर्थन जनाउनुभयो ।

आर्थिक वर्ष २०८२/८३ मा ३.८० प्रतिशत बोनस शेयर र ०.२० प्रतिशत नगद लाभांश गरी कुल ४ प्रतिशत लाभांश वितरण गर्न सफल भएकोमा बैंकलाई धन्यवाद दिँदै आगामी आर्थिक वर्षमा कम्तीमा १० प्रतिशत लाभांश वितरण गर्न सक्ने गरी प्रगति गर्न शुभकामना व्यक्त गर्नुभयो ।

साथै, बैंकको संस्थागत सुशासन र व्यवस्थापनको प्रशंसा गर्दै बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो । निष्क्रिय कर्जाको अनुपात उच्च रहेकाले गैह बैंकिङ सम्पत्तिको प्रभावकारी व्यवस्थापन, गुणस्तरीय धितोको मूल्याङ्कन तथा कर्जा प्रवाहमा सावधानी अपनाई निष्क्रिय कर्जा घटाउन विशेष ध्यान दिन आग्रह गर्नुभयो । अन्त्यमा, बैंकको निरन्तर प्रगति र साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

१०. श्री सुदिप श्रेष्ठ

श्री श्रेष्ठज्यूले बैकको २० औं वार्षिक साधारण सभा प्रथम त्रयमास भित्रै सम्पन्न गरेकोमा बैंक सञ्चालक समिति तथा व्यवस्थापनलाई धन्यवाद दिँदै यसलाई बैंकको संस्थागत सुशासनको सकारात्मक पक्षका रुपमा उल्लेख गर्नुभयो । आर्थिक वर्ष २०८२/८३ मा शेयरधनीलाई ३.८० प्रतिशत बोनस शेयर सहित लाभांश प्रदान गरेकोमा प्रशंसा गर्दै बैंकले चुनौतीपूर्ण आर्थिक परिस्थितिमा पनि प्रगति गरेको बताउनुभयो ।

CITIZENS BANK INTERNATIONAL LTD. Citizens Corporate Office सिटिजन्स बैंक इन्टरनेसनल लि.

उहाँले निक्षेप संकलन, कर्जा लगानी तथा खुद नाफामा भएको वृद्धिको चर्चा गर्दै निष्क्रिय कर्जा अनुपात बढेको प्रति चिन्ता व्यक्त गर्नुभयो । बैंकले आधुनिक डिजिटल बैंकिङ सेवामार्फत ग्राहकलाई सेवा प्रदान गरिरहेकोमा प्रशंसा गर्दै संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गरिएका खर्च लक्षित वर्गसम्म पुगे-नपुगेको नियमित अनुगमन गर्न आग्रह गर्नुभयो । अन्त्यमा, बैंकको निरन्तर प्रगति तथा शेयरधनीको हित अभिवृद्धिको कामना गर्दै आफ्नो मन्तव्य टुङ्ग्याउनुभयो ।

११. श्री जगन्नाथ आचार्य

श्री आचार्यज्यूले बैंकको २०औँ वार्षिक साधारण सभा आर्थिक वर्ष सुरु भएको छोटो अवधिमै आयोजना गरेकोमा सञ्चालक समिति, व्यवस्थापन तथा कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्नुभयो । आर्थिक वर्ष २०८२/८३ मा ३.८० प्रतिशत बोनस शेयर र ०.२० प्रतिशत नगद लाभांश गरी कुल ४ प्रतिशत लाभांश प्रस्ताव गरिएकोमा सन्तोष व्यक्त गर्दै आगामी वर्षहरुमा दोहोरो अङ्कको लाभांश प्रदान गर्न दीर्घकालीन लाभांश नीति अवलम्बन गर्न आग्रह गर्नुभयो ।

बैंकको खुद नाफा तथा प्रतिशेयर आम्दानीमा भएको प्रगतिलाई सकारात्मक रुपमा लिँदै निष्क्रिय कर्जा व्यवस्थापन, कर्जा असुलीमा प्राथमिकता र गुणस्तरीय धितोका आधारमा कर्जा प्रवाह गर्न सुझाव दिनुभयो । साथै, डिजिटल बैंकिङलाई सुरक्षित र विश्वसनीय बनाउन, संस्थागत सुशासन सुदृढ गर्न तथा कर्मचारीको क्षमता विकासका लागि आवश्यक तालिम र प्रशिक्षणको व्यवस्था गर्न अनुरोध गर्नुभयो ।

सामाजिक उत्तरदायित्व अन्तर्गत बैंकले गरेका योगदान तथा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा प्रदान गरेको सहयोगको प्रशंसा गर्दै उहाँले सभामा प्रस्तुत सम्पूर्ण प्रस्तावहरुप्रति आफ्नो पूर्ण समर्थन जनाउनुभयो। अन्त्यमा, आगामी साधारण सभामा आकर्षक लाभांश प्रस्ताव हुने अपेक्षा व्यक्त गर्दै बैंकको निरन्तर प्रगति तथा साधारण सभाको सफलताको कामना गर्नुभयो ।

१२. श्री उत्तम दत्त पाण्डे

श्री पाण्डेज्यूले बैंकको वार्षिक साधारण सभाको अवसरमा सञ्चालक समिति, व्यवस्थापन तथा कर्मचारीहरुलाई शुभकामना व्यक्त गर्दै आर्थिक वर्ष २०८२/८३ मा ३.८० प्रतिशत बोनस शेयर र ०.२० प्रतिशत नगद लाभांश गरी कुल ४ प्रतिशत लाभांश वितरण गर्न सफल भएकोमा धन्यवाद दिनुभयो । बैंकको खुद नाफामा वृद्धि भई प्रतिशेयर आम्दानीमा सुधार भएकोमा खुसी व्यक्त गर्दै आगामी आर्थिक वर्षमा दोहोरो अङ्कको लाभांश वितरण गर्न आग्रह गर्नुभयो ।

साथै, निष्क्रिय कर्जा अनुपात बढेको प्रति चिन्ता व्यक्त गर्दै कर्जा नोक्सानी व्यवस्था घटाउन, अपलेखित कर्जा असुलीलाई प्राथमिकता दिन तथा गैह बैंकिङ सम्पत्तिको प्रभावकारी व्यवस्थापन गर्न सुझाव दिनुभयो । सामाजिक उत्तरदायित्व अन्तर्गत बैंकले गरेका योगदान तथा 'बैंक अफ द इयर २०२५' अवार्ड प्राप्त गरेको उपलब्धिको पनि प्रशंसा गर्नुभयो । साथै, जलविद्युत् आयोजनाहरुमा बैंकको लगानी तथा सहकार्यलाई सकारात्मक रुपमा लिँदै बैंकको उत्तरोत्तर प्रगति र आगामी दिनमा शेयरधनीलाई उचित प्रतिफल प्रदान गर्न सफल रहोस् भन्ने शुभकामना व्यक्त गर्नुभयो ।

१३. श्री ब्रह्मदेव शाक्य

श्री शाक्यज्यूले बैंकको २० औँ वार्षिक साधारण सभा आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्रै आयोजना गरिएकोमा धन्यवाद व्यक्त गर्नुभयो । यसबाट बैंकमा संस्थागत सुशासन चुस्त, दुरुस्त तथा प्रभावकारी रहेको पुष्टि हुने र यस्तो अभ्यास बैंक तथा शेयरधनीहरुको हितका लागि महत्त्वपूर्ण रहेको उल्लेख गर्नुभयो ।

सभामा छलफलका लागि प्रस्तुत गरिएको बोनस शेयर वितरण गर्ने प्रस्ताव शेयरधनीका लागि आकर्षक रहेको बताउँदै, कर प्रयोजनका लागि भए पनि नगद लाभांश वितरण गर्ने तथा बोनस शेयर जारी गर्ने प्रस्ताव प्रति सहर्ष समर्थन व्यक्त गर्नुभयो । साथै, यस्ता प्रस्तावहरु ल्याउन योगदान पुऱ्याउनुहुने बैंकका सञ्चालक समिति, व्यवस्थापन तथा सम्बन्धित सबैप्रति धन्यवाद ज्ञापन गर्नुभयो ।

साथै, अध्यक्षज्यूबाट प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन यथार्थपरक तथा उत्साहप्रद रहेको उल्लेख गर्दै बैंकको चुक्ता पूँजी तथा वासलातको आकारमा भएको वृद्धिसँगै आगामी दिनमा व्यवसाय विस्तारका साथै व्यवसायको गुणस्तरमा समेत विशेष ध्यान दिनुपर्ने धारणा व्यक्त गर्नुभयो । यस दिशामा बैंक सफल हुने विश्वास व्यक्त गर्दै लेखापरीक्षक नियुक्ति गर्दा हाल कायम रहेको पारिश्रमिक तथा सर्तहरु यथावत् राखी नियुक्ति गर्न सुझाव दिनुभयो ।

अन्त्यमा, बैंकको हित र प्रगतिका लागि योगदान पुऱ्याउनुहुने सबैप्रति धन्यवाद व्यक्त गर्दै सभामा प्रस्तुत सम्पूर्ण प्रस्तावहरुमा आफ्नो पूर्ण समर्थन रहेको जानकारी गराउनुभयो । साथै, सबैको मंगलमय भविष्यको कामना गर्दै सभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

१४. श्री बलराम कोइराला

श्री कोइरालाज्यूले बैंकको २० औं वार्षिक साधारण सभाको सफलताको कामना गर्दै साधारण सभा समयमै आयोजना गर्न सफल भएकोमा बैंकलाई बधाई ज्ञापन गर्नुभयो । शेयरधनीहरुलाई प्रतिफल प्रदान गरिएकोमा धन्यवाद व्यक्त गर्दै प्राप्त प्रतिफलको दर अपेक्षाकृत न्यून रहेको र लाभांश दरमा थप वृद्धि हुन नसक्नुका कारणबारे जिज्ञासा व्यक्त गर्नुभयो ।

अनुभवी बैंकरहरुद्वारा प्रवर्द्धित बैंकबाट अपेक्षाकृत उत्साहजनक लाभांश प्राप्त हुन नसक्दा लगानीकर्ताले केही खल्लोपन महसुस गर्ने उल्लेख गर्दै उहाँले आगामी वर्षहरुमा लाभांश वृद्धि गर्न आवश्यक रणनीति तथा कार्ययोजना अवलम्बन गर्न सुझाव दिनुभयो ।

साथै, शेयरधनीहरुको लगानी तथा शेयर खातालाई थप सक्रिय र चलायमान बनाउनेतर्फ ध्यान दिन बैंकलाई अनुरोध गर्नुभयो । आगामी वर्षहरुमा पनि वार्षिक साधारण सभा समयमै सम्पन्न गर्न तथा बैंकका भावी योजना, ग्राहक सेवाको गुणस्तर अभिवृद्धि र ग्राहक सन्तुष्टिका लागि गरिने कार्यहरुबारे साधारण सभामा स्पष्ट जानकारी गराउन माग गर्नुभयो । अन्त्यमा, उहाँले बैंकको उत्तरोत्तर प्रगति तथा सफलताको कामना व्यक्त गर्नुभयो ।

१५. श्री चन्द्रनारायण श्रेष्ठ

श्री श्रेष्ठज्यूले सभाका अध्यक्षज्यू, सञ्चालक समितिका सदस्यहरु, प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापन समूह तथा कम्पनी सचिवज्यू प्रति हार्दिक अभिवादन व्यक्त गर्दै बैंकको २०औं वार्षिक साधारण सभाको सफलताको शुभकामना दिनुभयो । शेयरधनीहरुलाई कर प्रयोजनसमेत समेटी ४ प्रतिशत नगद लाभांश तथा ३.८० प्रतिशत बोनस शेयर वितरण गर्ने प्रस्तावप्रति धन्यवाद ज्ञापन गर्दै बैंकले स्थापनाकालदेखि प्रत्येक वर्ष नियमित रुपमा शेयरधनीलाई प्रतिफल प्रदान गर्दै आएकोमा प्रशंसा गर्नुभयो ।

विगतमा मुलुकमा ३२ वटासम्म वाणिज्य बैंकहरु सञ्चालनमा रहेको उल्लेख गर्दै कतिपय बैंकहरु हाल अस्तित्वमा नरहेको अवस्थामा सिटिजन्स बैंकले निरन्तर रुपमा देश र जनताको सेवा गर्दै आएकोमा खुसी व्यक्त गर्नुभयो । साथै, अघिल्लो वर्षको तुलनामा चालु आर्थिक वर्षको पहिलो त्रैमासभित्रै वार्षिक साधारण सभा सम्पन्न गर्न सफल भएकोमा बैंकलाई धन्यवाद दिनुभयो ।

अन्त्यमा, बैंकको निरन्तर अस्तित्व, दिगो विकास तथा उत्तरोत्तर प्रगतिको कामना गर्दै विजयादशमी, दीपावली तथा नेपाल संवत्को शुभकामना व्यक्त गर्नुभयो ।

CITIZENS BANK INTERNATIONAL LTD. Citizens YOUR PARTNER FOR PROGRESS Corporate Office सिटिजन्स बैंक इन्टरनेसनल लि.

१६. श्री गुणराज भट्ट

श्री भट्टज्यूले आउँदै गरेका बडादशैँ, तिहार, नेपाल संवत् तथा छठ जस्ता महान् चाडपर्वहरुको पावन अवसरमा सम्पूर्णमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्नुभयो । गत आर्थिक वर्षमा ०.२० प्रतिशत नगद लाभांश तथा ३.८० प्रतिशत बोनस शेयर गरी कुल ४ प्रतिशत लाभांश वितरण गर्न बैंक सक्षम भएकोमा धन्यवाद ज्ञापन गर्नुभयो । साथै, आगामी आर्थिक वर्ष २०८३/८४ मा कम्तीमा १० प्रतिशत बोनस शेयर वितरण गर्न सक्ने गरी बैंकले आफ्नो वित्तीय अवस्था थप सुदृढ बनाउन सफल होस् भन्ने शुभकामना व्यक्त गर्नुभयो ।

बैंकको संस्थागत सुशासनलाई उत्कृष्ट बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएकोमा प्रमुख कार्यकारी अधिकृज्यूलाई हार्दिक बधाई ज्ञापन गर्दै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो । बैंकको निष्क्रिय कर्जा अनुपात बढेको विषयलाई उल्लेख गर्दै उक्त अनुपात उच्च भएकाले गैह बैंकिङ सम्पत्तिको समयमै लिलाम बिक्री गर्ने, गुणस्तरीय धितोको पर्याप्त मूल्याङ्कन गरेर मात्र कर्जा प्रवाह गर्ने तथा कर्जा जोखिम व्यवस्थापनलाई प्रभावकारी बनाउनेतर्फ विशेष ध्यान दिन सुझाव दिनुभयो । अन्त्यमा, सभामा प्रस्तुत सम्पूर्ण प्रस्तावहरुप्रति समर्थन व्यक्त गर्दै साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

१७. श्री ईन्द्र प्रसाद लामिछाने

श्री लामिछानेज्यूले सभाका अध्यक्ष, सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापन समूह तथा कम्पनी सचिवज्यू प्रति हार्दिक अभिवादन व्यक्त गर्दै बैंकको २०औँ वार्षिक साधारण सभाको सफलताको शुभकामना दिनुभयो । शेयरधनीहरुलाई कर प्रयोजनका लागि ०.२० प्रतिशत नगद लाभांश तथा ३.८० प्रतिशत बोनस शेयर वितरण गर्ने प्रस्ताव प्रति धन्यवाद ज्ञापन गर्दै बैंकले स्थापनाकाल देखि प्रत्येक वर्ष नियमित रुपमा शेयरधनीलाई प्रतिफल प्रदान गर्दै आएकोमा प्रशंसा व्यक्त गर्नुभयो ।

अन्त्यमा, बैंकको दिघो विकास तथा उत्तरोत्तर प्रगतिको कामना गर्दै विजयादशमी, दीपावली, छठ तथा नेपाल संवत्को शुभकामना व्यक्त गर्नुभयो ।

१८. श्री गोविन्द बहादुर के. सी.

श्री के.सी.ज्यूले बैंकले शेयरधनीलाई ३.८ प्रतिशत बोनस शेयर र ०.२ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव प्रति धन्यवाद व्यक्त गर्दै आगामी वर्षहरुमा अझ बढी लाभांशको अपेक्षा राख्नुभयो ।

बैंकले क्रमिक रुपमा प्रगति गर्दै उल्लेखनीय नाफा हाँसिल गरेकोमा अध्यक्ष, सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापन तथा सम्पूर्ण कर्मचारीलाई धन्यवाद व्यक्त गर्नुभयो । साथै, बैंकको भविष्य र प्रगतिका लागि आवश्यक निर्णय लिन सञ्चालक समिति तथा व्यवस्थापन सक्षम रहेको विश्वास व्यक्त गर्दै सभामा प्रस्तुत सम्पूर्ण प्रस्तावहरु प्रति आफ्नो समर्थन जनाउनुभयो ।

१०. शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासामा बैंकका प्रमुख कार्यकारी अधिकृत गणेश राज पोखरेलज्यूले गर्नुभएको सम्बोधन

प्रमुख कार्यकारी अधिकृतज्यूले साधारण सभामा शेयरधनी महानुभावहरुले उठाउनु भएको जिज्ञासा तथा सुझाव उपर आफ्नो जवाफ दिने क्रममा सभाका अध्यक्ष, सञ्चालक समिति, शेयरधनी महानुभावहरु तथा कम्पनी सचिवलाई धन्यवाद ज्ञापन गर्दै आउँदै गरेको बडा दशैँ, दिपावली, नेपाल सम्वत् तथा छठ पर्वको शुभकामना व्यक्त गर्नुभयो । शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको सल्लाह सुझावहरु स्वागतयोग्य रहेको बताउँदै शेयरधनी महानुभावहरुको लाभांश कम रहेको गुनासो रहेकोमा व्यवस्थापनको तर्फबाट आगामी वर्ष दोहोरो अंकको लाभांश प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । बैंकको वित्तीय विवरणको समीक्षा गर्दा सुधारोन्मुख रहेको र आगामी दिनहरुमा यस गतिलाई निरन्तरता दिँदै अझ राम्रो नतिजा ल्याउने आश्वासन दिनुभयो ।

शेयरधनी महानुभावहरुको अन्य जिज्ञासाहरुलाई थप प्रष्ट पार्दै बैंकको निष्क्रिय कर्जा बढेको जिज्ञासा उपर प्रमुख कार्यकारी अधिकृतज्यूले गत आर्थिक वर्षको तुलनामा कर्जा नोक्सानी व्यवस्था खर्चमा उल्लेख्य रुपमा कमी भएको जानकारी गराउँदै नियामक निकायको निर्देशन अनुसार थप कर्जा नोक्सानी व्यवस्था गर्नुपरेका कारण बैंकको निष्क्रिय कर्जा अनुपातमा वृद्धि देखिएको तथा सम्बन्धित कर्जाहरुको प्रभावकारी असुली पश्चात बैंकको नाफामा वृद्धि भई यसबाट बैंकको वित्तीय अवस्थामा सुधार आउनुका साथै भविष्यमा आर्जित नाफाबाट शेयरधनीज्यूहरुलाई लाभांश वितरण गर्ने क्षमता समेत अभिवृद्धि हुने कुरा प्रष्ट पार्नुभयो । यसका साथै बैंकको अधिकांश सुचाङ्कहरुमा सुधार भएको समेत जानकारी गराउनुभयो । सभामा जवाफ दिने क्रममा प्रमुख कार्यकारी अधिकृतज्यूले आगामी दिनमा सिटिजन्स बैंकले एउटा गतिशिल नतिजा ल्याई अगाडि बढ्ने कुरामा शेयरधनीज्युहरुलाई विश्वस्त रहन आग्रह गर्नुभयो । सञ्चालक समितिको नेतृत्वका साथै विगत २० वर्षदेखि बैंकमा निरन्तर कार्यरत, इमानदार तथा जिम्मेवार व्यवस्थापन टोलीप्रति शेयरधनीज्युहरुले देखाउनुभएको विश्वास, सद्भाव र सकारात्मक सहयोगका लागि हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

प्रमुख कार्यकारी अधिकृतज्यूले बैंकले शेयरधनी महानुभावहरुलाई बैंकको स्थापना काल देखि २० वर्षको इतिहासमा समग्र बैंकिङ क्षेत्रको औसत लाभांश करिब १५.०१ प्रतिशत रहँदा बैंकको औसत लाभांश १०.०८ प्रतिशत रहेको जानकारी गराउनुभयो । त्यसैगरी आर्थिक वर्ष २०७५/०७६ देखि आर्थिक वर्ष २०७८/०७९ सम्म ४ वर्षको अवधिमा बैंकको औसत लाभांश १२.७५ प्रतिशत रहेकोमा यस अवधिमा समग्र बैंकिङ्ग क्षेत्रको औसत लाभांश भने १४.३५ प्रतिशत रहेको प्रष्ट्याउनु भयो । विगतको ४ वर्षमा समग्र बैंकिङ्ग क्षेत्रमा विद्यमान कठिनाइ र चुनौतीहरुका कारण औसत लाभांश नै एकल अंकमा रहँदा बैंकले औसतमा ४.८२ प्रतिशत लाभांश दिएको जानकारी गराउनुभयो ।

प्रमुख कार्यकारी अधिकृतज्यूले समग्रमा बैंकको वित्तीय अवस्था सन्तोषजनक रहेको र बैंकले कुनै पनि वर्ष शेयरधनीहरुको हात खाली नराखी निरन्तर रुपमा लाभांश प्रदान गर्दै आएको व्यहोरा अवगत गराउन भयो । अन्त्यमा, शेयरधनीज्यूहरुबाट प्राप्त हुने सल्लाह, सुझाव तथा मार्गदर्शनलाई बैंकले सदैव उच्च प्राथमिकताका साथ ग्रहण गर्दै आएको र कुनै सुझाव वा जिज्ञासा भएमा बैंकका कम्पनी सचिवज्यूलाई सम्पर्क गरी आवश्यक सल्लाह तथा सुझाव प्रदान गरिदिनुहुनका लागि अनुरोध गर्नुभयो ।

११. शेयरधनी महानुभावहरुले प्रकट गर्नु भएको जिज्ञासा र सुझावका सम्बन्धमा सभाका अध्यक्ष प्रबलजंग पाण्डेज्यूले व्यक्त गर्नुभएको सम्बोधन :

अध्यक्षज्यूले साधारणसभामा शेयरधनी महानुभावहरुबाट प्राप्त जिज्ञासा र सुझावका सम्बन्धमा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री गणेश राज पोखरेलज्यूले प्रस्ट्याई सक्नुभएको व्यहोरा अनुरोध गदै सभा समक्ष प्रस्तुत भएका जिज्ञासा तथा सुझावहरु आगामी दिनमा थप सुधारका लागि बैंकका प्रमुख कार्यकारी अधिकृतज्यूलाई ध्यानाकृष्ट गराउनुभयो । अध्यक्षज्यूले सम्पूर्ण शेयरधनी महानुभावहरु, प्रमुख कार्यकारी अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुलाई आउँदै गरेको शुभ दिपावली, म्ह पूँजा, नेपाल सम्वत् तथा छठपर्वको शुभकामना व्यक्त गदै सभामा प्रस्तावहरु पारित गरिदिनको लागि अनुरोध गदै सभा समक्ष प्रस्तुत गर्नुभयो ।

१२. २० औं वार्षिक साधारण सभाका निर्णयहरु :

(क) **साधारण प्रस्तावहरु**

१. **आ.व. २०८२/८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।**
सभा अध्यक्षज्यूले स्वीकृतिको लागि सभा समक्ष प्रस्तुत गर्नु भएको आ.व. २०८२/०८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभाले सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहित २०८३ आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरु सहितको एकीकृत वासलात र मिति २०८२/०४/०१ देखि २०८३/०३/३२ सम्मको नाफा नोक्सानको हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु माथि छलफल गरी पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहित २०८३ आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरु सहितको एकीकृत वासलात र मिति २०८२/०४/०१ देखि २०८३/०३/३२ सम्मको नाफा नोक्सानको हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु माथि छलफल गरी पारित गर्ने स्वीकृत गरियोस् भनि सभा अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा उल्लेखित सम्पूर्ण वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

३. **सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार साधारण शेयरधनीहरुलाई कर प्रयोजनार्थ चुक्ता पूँजीको ०.२० प्रतिशतका दरले हुन आउने रु. ३,१०,१४,९२७.२३ बराबरको नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।**

सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार साधारण शेयरधनीहरुलाई कर प्रयोजनार्थ चुक्ता पूँजीको ०.२० प्रतिशतका दरले हुन आउने रु.३,१०,१४,९२७.२३ बराबरको नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने प्रस्ताव पारित गरियोस् भनि सभाध्यक्षज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

४. **कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८३/८४ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

आर्थिक वर्ष २०८३/८४ को लागी वाह्य लेखापरीक्षकको नियुक्तिका विषयमा छलफल हुँदा कम्पनी ऐन, २०६३ को दफा १६५ को खण्ड (घ) को प्रावधान बमोजिम लेखापरिक्षण समितिले "कम्पनीको लेखापरीक्षकको नियुक्तिको लागि सम्भावित लेखापरीक्षकको नाम सिफारिस गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिका शर्तहरु निर्धारण गरी अनुमोदनका लागि साधारण सभामा पेश गर्ने" तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ र दफा ६१(ङ) मा भएको व्यवस्था बमोजिम तीन जना लेखापरीक्षकको नाम सिफारिस गर्नु पर्ने भनि उल्लेख भए बमोजिम बैंकको आर्थिक वर्ष २०८३/८४ को लेखापरीक्षण गर्न लेखापरीक्षक श्री M/s S. Dangol & Associates, M/s MRU & Associates, र M/s SAR Associates, Chartered Accountants संस्थाहरुबाट प्राप्त भएका प्रस्तावहरुको लेखापरीक्षण समितिद्वारा प्राविधिक तथा वित्तीय मुल्याङ्कनका आधारमा अध्ययन गरी बैंकको आर्थिक वर्ष २०८३/८४ को लेखापरीक्षण गर्न लेखापरीक्षक श्री M/s MRU & Associates, Chartered Accountants कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम बैंकको आर्थिक वर्ष २०८३/८४ को लेखापरीक्षणको लागि नियुक्त गर्न योग्य देखिएको हुँदा निजलाई देहाय बमोजिमका कार्य सम्पादन गर्ने गरी मूल्य अभिबृद्धि कर बाहेक रु. २५,००,०००/- (अक्षरेपि रुपैयाँ पच्चीस लाख मात्र) पारिश्रमिक दिने गरी तथा अन्य विविध खर्चहरु मूल्य अभिबृद्धि कर बाहेक रु. ६,००,०००/- (अक्षरेपि रुपैयाँ ६ लाख मात्र) नबढ्ने गरी भुक्तानी गर्ने गरी बैंकको आर्थिक वर्ष २०८३/८४ को लेखापरीक्षक नियुक्त गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

1. Statutory Audit
2. Long Form Audit Report
3. Tax Audit
4. Certification under section 78 of the Company Act, 2063.
5. Certification of Corporate governance annual report
6. Certification of Compliance report

ख. विशेष प्रस्तावहरु

१. **सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार साधारण शेयरधनीहरुलाई चुक्ता पूँजीको ३.८० प्रतिशतका दरले हुन आउने रु. ५८,९२,८३,६१७.३४ बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।**

सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार साधारण शेयरधनीहरुलाई चुक्ता पूँजीको ३.८० प्रतिशतका दरले हुन आउने रु. ५८,९२,८३,६१७.३४ बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने प्रस्ताव पारित गरियोस् भनि सभा अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

२. **बैंकको प्रबन्धपत्रमा संशोधन गर्ने ।**

(क) बैंकको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने सम्बन्धमा ।

बैंकको जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने सम्बन्धमा सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम ३.८० प्रतिशत बोनस शेयर वितरण गर्ने प्रस्ताव गरिएकोमा सभाले ३.८० प्रतिशत बोनश शेयर बापत रु. ५८,९२,८३,६१७.३४ वितरण गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेकोले प्रबन्धपत्रको दफा ५ को (ख) र (ग) मा भएको व्यवस्थाको सट्टा देहाय बमोजिम पूँजी संरचना बृद्धि गरी संशोधन गर्ने निर्णय गरियो ।

५. बैंकको पूँजीको संरचना :

बैंकको प्रबन्ध पत्रको दफा ५ को (ख) र (ग) मा संशोधन व्यवस्था थप गर्ने देहाय बमोजिमको निर्णय गरियो ।

५(ख) बैंकको कुल जारी पूँजी रुपैयाँ १८,०९,६७,४७,२३१/- (अक्षरेपि अठार अर्ब नौ करोड सतसट्ठी लाख सत्तचालिस हजार दुई सय एकतीस रुपैयाँ मात्र) हुनेछ । सो पूँजीलाई रु.१००/- का दरले १६,०९,६७,४७२.३१ (सोह्र करोड नौ लाख सतसट्ठी हजार चार सय बहत्तर दशमलव एकतीस) थान साधारण शेयर र रु. १००/- का दरले २,००,००,००० (दुई करोड) थान अग्राधिकार शेयरमा विभाजित गरिएको छ । बैंकले तत्काल जारी गर्ने शेयर पूँजी न्युनतम रुपैयाँ १८,०९,६७,४७,२३१/- (अक्षरेपि अठार अर्ब नौ करोड सतसट्ठी लाख सत्तचालिस हजार दुई सय एकतीस रुपैयाँ मात्र) हुनेछ ।

५(ग) बैंकको तत्काल चुक्ता पूँजी न्युनतम रु. १८,०९,६७,४७,२३१/- (अक्षरेपि अठार अर्ब नौ करोड सतसट्ठी लाख सत्तचालिस हजार दुई सय एकतीस रुपैयाँ मात्र) हुनेछ । सो पूँजीलाई रु.१००/- का दरले १६,०९,६७,४७२.३१ (सोह्र करोड नौ लाख सतसट्ठी हजार चार सय बहत्तर दशमलव एकतीस) थान साधारण शेयर र रु. १००/- का दरले २,००,००,००० (दुई करोड) थान अग्राधिकार शेयरमा विभाजित गरिएको छ ।

बैंकको प्रबन्धपत्रमा संशोधन गर्ने प्रस्ताव पारित गरियोस् भनि अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

३. **बैंकको प्रबन्धपत्र संशोधन गर्न अनुमति लिनु पर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

बैंकको प्रबन्धपत्र संशोधन गर्न अनुमति लिनु पर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

(ग) **विविध ।**

विविध अन्तर्गत छलफलका लागि अन्य विषय नभएकोले वार्षिक साधारणसभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने र बुझाउनु पर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरि प्रतिलिपि बुझाउने व्यहोरा सभालाई जानकारी गराईयो ।

१३. धन्यवाद ज्ञापन तथा सभा विसर्जन

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले सम्पूर्ण शेयरधनी महानुभावहरु, बैंकका उच्च व्यवस्थापन लगायत सम्पूर्ण कर्मचारीहरु, नेपाल सरकारका सम्बद्ध निकाय लगायत नेपाल राष्ट्र बैंक तथा सम्बन्धित सबै नियमनकारी निकायहरुलाई विशेष धन्यवाद व्यक्त गर्दै शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै वहाँहरुबाट आवश्यक मार्ग निर्देशन प्राप्त भई प्रस्तुत प्रस्तावहरु पारित भएकोमा खुसी प्रकट गर्नुका साथै २० औं वार्षिक साधारण सभा सफलता पूर्वक सञ्चालन एवम् सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा अन्य उपस्थित सबै महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै दिउँसो १:०० बजे विधिवत रुपमा सभा विसर्जन गर्नु भयो ।

श्री प्रमेश राज कायस्थ
कम्पनी सचिव

CITIZENS BANK INTERNATIONAL LTD.
Citizens
Corporate Office
सिटिजन्स बैंक इन्टरनेशनल लि.

श्री प्रबल जंग पाण्डे
अध्यक्ष